# सूचना

पर्वतारोहणको सन् २०२४ को शरद ऋतुको मध्य अवस्थामा चलिरहेको छ । आरोहणको व्यस्त सिजनमा नेपालीहरुको महान् पर्व बडा दशैंको सार्वजनिक विदा पर्ने तर आरोहण कार्यका लागि आरोहणको अनुमति, ब्रिफिङ तथा डिब्रिफिङको जस्ता कार्य निरन्तर रुपमा गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै सो सार्वजनिक विदाको दिन समेत पर्यटन विभाग यथावत रुपमा सञ्चालन हुने बेहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

# धौलागिरी दुर्घटना अपडेट(२०८१।०६।२२ गते)

- मिति २०८१।०५।१९ गते पर्यटन विभागले धौलागिरी १(८१६७m.) अग्लो हिमाल आरोहणका लागि रसियाकै प्रख्यात आरोहीहरुको टोलीलाई अनुमति विभागले दिएको ।
- टोली नेता रसियन नागरिक Alexender Dusheyko को नेतृत्वमा १४ जनाको टोली त्यसतर्फ गएको । I. A. M.Trekking and Expedition एजेन्सीले आरोहणको व्यवस्थापन गरेको ।
- टोली २ समूहमा गरी आरोहणको योजना बनाएको तर निम्नानुसारको ६ जनाले स्वास्थ्यको कारणले पहिले नै आरोहण परित्याग गरेको ।
- Maksim Makarov
- Dmitri Timkin
- Oleg Timkin
- Sergei Votrotyntse
- Dimitri Kliukin
- Vladimir Peresedov
- आरोहण व्यवस्थापन गर्ने एजेन्सी र सम्पर्क अधिकृतका अनुसार २ (Denis Aleksenko र Artsiom Tsentsevitski) जनाले आरोहण सम्पन्न गरी वेसक्याम्पमा आई आराम गरेको र हालसम्म पनि उनीहरु सकुशल त्यही रहेको र सम्भवतः १।२ दिनमा तल झर्ने योजनामा रहेको ।
- बाँकी ६ जना मिति २०८१।०६।२० गते Summit Push मा गएको । जसमध्ये स्वास्थ्यको कारणले Valerii Shpilevoi बीच बाटो बाटै फर्केको ।
- केही समयपछि उसले माथि रहेका ५ जनालाई तल फर्कन अनुरोध गरेको । उनीहरुले ८ हजार मिटरको नजिक पुगेकोले समिट प्लान नछाडेको तर केही समयपछि रेडियो सेटमा सबै जनाले आरोहण परित्याग गरी तल झर्दै गरेको बताएको । असोज २० गते राति ११ बजेबाट सम्पर्कविहीन भएको ।
- मिति २०८१।०६।२१ गते सम्पर्क अधिकृत र एजेन्सीले निम्नानुसारको ५ जना आरोही हराइरहेको रिपोर्टिङ विभागमा गरेको ।
- Alexander Dusheyko
- Oleg Kruglov
- Vladimir Chistikov
- Mikhail Nosenko
- Dimitri Shpilevoi

- हेली व्यवस्थापन पश्चात् धौलागिरी क्षेत्रमा मौसमी प्रतिकूलताको कारणले सो दिन हेली उड्न नसकेको र मिति २०८१।०६।२२ गते विहानै हेली उडेर सो क्षेत्रमा गएको र हेलीबाट हेर्दा करिब ७६०० मिटरको उचाइमा ५ जना लडिरहेको देखिएको ।
- आज नै क्याम्प १ बाट सो टोलीबाट छुट्टिएका Valerii Shpilevoi लाई उद्दार गरी काठमाडौंमा उपचार गराइरहेको ।